श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३९ सालको ऐन नं. १८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### लिखतहरूको गोप्यतासम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपालको सुरक्षा, शान्ति तथा व्यवस्था कायम राख्नको लागि सरकारी तथा सार्वजनिक कार्यालयको महत्त्वपूर्ण कागजातहरू, अभिलेखहरू, सन्धिपत्रहरू जस्ता संरक्षणीय लिखतहरूको वर्गीकरण गर्न र गोप्यताको संरक्षण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "लिखतहरूको गोप्यतासम्बन्धी ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कार्यालय" भन्नाले सरकारी तथा सार्वजनिक कार्यालय सम्झनुपर्छ र सो शब्दले श्री ५ बाट वा श्री ५ को सरकारबाट समय समयमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गठन गरिएका अस्थायी वा आवधिक आयोग वा समितिको कार्यालय-लाई समेत जनाउनेछ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "सार्वजनिक कार्यालय" भन्नाले श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको सार्वजनिक संस्थाको कार्यालय सम्झनुपर्छ ।

(ख) "वर्गीकृत लिखत" भन्नाले दफा ३ बमोजिम वर्गीकरण गरिएको लिखत सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा वा जारी गरिएको आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. लिखतको वर्गीकरण : (१) लिखतहरूको गोप्यताको प्रयोजनको लागि लिखतहरूलाई देहायबमोजिम वर्गीकरण गरिनेछः–

(क) सख्त निषेधित लिखत,

(ख) अति गोप्य लिखत,

(ग) गोप्य लिखत ।

(२) लिखतहरूको गोप्यताको लागि कुनै कार्यालयको कुनै लिखतलाई कुन वर्गमा राख्ने भन्ने कुरा छुट्याउने जिम्मेवारी मुख्य सचिवको अध्यक्षतामा सम्बन्धित मन्त्रालयको सचिवसमेत भएको समितिको हुनेछ ।

तर श्री ५ को सरकारले गरेका सामान्य निर्णय तथा आदेशहरूलाई वर्गीकृत लिखतमा पारिनेछैन ।

(३) लिखत गोप्य रहने वर्ग छुट्याउने आधारहरू तोकिएबमोजिम हुनेछन् ।

(४) यस दफाबमोजिम वर्गीकृत नगरिएको लिखत गोप्य मानिनेछैन ।

४. वर्ग जनाउनु पर्ने : दफा ३ बमोजिम लिखतहरूको वर्गीकरण गरिसकेपछि त्यस्तो लिखतमा तोकिएबमोजिम सम्बन्धित वर्ग जनाउने छाप लगाउनु पर्नेछ ।

५. सख्त निषेधित लिखत : (१) सख्त निषेधित लिखत एक पटकमा ३० वर्षमा नबढाई गोप्य रहनेछ र कसैले पनि त्यस्तो लिखत वा त्यसको व्यहोरा पूर्ण वा आंशिक रूपमा प्रकाशमा ल्याउन वा उल्लेख गर्न वा सम्बन्धित व्यक्तिबाहेक श्री ५ को सरकारको अनुमतिबेगर अन्य कुनै व्यक्तिले हेर्न पनि पाउनेछैन ।

(२) सख्त निषेधित लिखत अनिवार्य रूपले सिलबन्दी गरी राख्नु पर्नेछ र त्यस्तो लिखतको स्थानान्तरण वा आदान प्रदान सिलबन्दी रूपमा गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. अति गोप्य लिखत : (१) अति गोप्य लिखत एक पटकमा बीस वर्षमा नबढाई र आवश्यकतानुसार पछि श्री ५ को सरकारले चाहेमा प्रत्येक पटकमा दश वर्षमा नबढाई गोप्य रहनेछ र सो अवधिभित्र कसैले पनि त्यस्तो लिखत वा त्यसको व्यहोरा पूर्ण वा आंशिक रूपमा प्रकाशमा ल्याउन वा उल्लेख गर्न वा सम्बन्धित व्यक्ति बाहेक श्री ५ को सरकारको अनुमति बेगर अन्य कुनै व्यक्तिले हेर्न पनि पाउने छैन ।

(२) अति गोप्य लिखत अनिवार्य रूपले सिलबन्दी वा खामबन्दी गरी राख्नु पर्नेछ र त्यस्तो लिखतको स्थानान्तरण वा आदान प्रदान सिलबन्दी वा खामबन्दी रूपमा गर्नु पर्नेछ ।

७. गोप्य लिखत : (१) गोप्य लिखत पाँच वर्षसम्म गोप्य रहनेछ र सो अवधिभित्र कसैले पनि त्यस्तो लिखत वा त्यसको व्यहोरा पूर्ण वा आंशिक रूपमा प्रकाशमा ल्याउन वा उल्लेख गर्न वा सम्बन्धित व्यक्तिबाहेक श्री ५ को सरकारको अनुमति बेगर अन्य कुनै व्यक्तिले हेर्न पनि पाउनेछैन ।

(२) गोप्य लिखतको स्थानान्तरण वा आदान प्रदान सामान्यतया खामबन्दी रूपमा गर्नु पर्नेछ ।

८. लिखतको वर्गीकरण दोहऱ्याउन सकिने : श्री ५ को सरकारले वर्गीकृत लिखतहरूलाई आवश्यकता अनुसार एक वर्गबाट अर्को वर्गमा सार्न वा कुनै पनि वर्गमा नपार्न सक्नेछ ।

९. प्रमाणको रूपमा पेश गर्न नसकिने : वर्गीकृत लिखत दफा ५, ६ वा ७ बमोजिम निर्धारित अवधिसम्म कुनै पनि अदालत वा कानूनी कारवाहीमा प्रमाणको रूपमा पेश गर्न सकिनेछैन ।

तर यस ऐन अन्तर्गतको मुद्दामा त्यस्तो वर्गीकृत लिखतको नाम र प्रकृतिसम्म उल्लेख गर्न बाधा पर्नेछैन ।

१०. लिखतको स्रोत बताउन कर लाग्ने : कसैले कुनै वर्गीकृत लिखतको पूर्ण वा आंशिक व्यहोरा प्रकाशित गरेमा वा उल्लेख गरेमा यो ऐन अन्तर्गतको मुद्दाको कारवाही, अनुसन्धान वा तहकिकात गर्ने अधिकारीलाई त्यस्तो व्यहोराको स्रोत बताउन कर लाग्नेछ ।

११. खानतलासी र पक्राउ गर्ने अधिकार : (१) कुनै व्यक्तिले यस ऐन अन्तर्गत कसूर गरेको छ वा निजसंग वर्गीकृत लिखत अनधिकृत तवरले रहेको छ भन्ने विश्वास गर्नु पर्ने मनासिब माफिकको कारण भएमा श्री ५ को सरकारले वारण्ट जारी गरी त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न वा जुनसुकै समय त्यस्तो व्यक्तिको घर जग्गामा प्रवेश गरी खानतलासी गर्न वा निजको जिउ वा निजको मालसामानको खानतलासी गर्न र सोसंग सम्बन्धित मालसामान कब्जा गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा कसूरदार भागी जाने वा कसूरको सबूद गायव गरिने संभावना देखिएमा श्री ५ को सरकारले त्यस्तो व्यक्तिलाई वारण्ट जारी हुनुअघि पनि गिरफ्तार गर्न र सो कामको लागि कुनै पनि घर जग्गामा कुनै समयमा पनि प्रवेश गर्न सक्नेछ। त्यस्तो कसूरदार कुनै सवारी साधनद्वारा उम्कन लागेमा श्री ५ को सरकारले त्यस्तो सवारीलाई कुनै ठाउँमा रोक्न वा उतार्न लगाउन सक्नेछ।

१२. दण्ड सजाय: (१) कसैले यो ऐन उल्लङ्घन गरेमा त्यस्तो उल्लङ्घन गर्ने र सो काममा मद्दत गर्ने वा दुरुत्साहन दिने व्यक्तिलाई कसूरको मात्रा अनुसार देहायबमोजिम सजाय हुनेछः–

(क) दफा ५ उल्लङ्घन गरेमा दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय,

(ख) दफा ६ उल्लङ्घन गरेमा ५ वर्षदेखि १० वर्षसम्म कैद वा पच्चीस हजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय,

(ग) दफा ७ उल्लङ्घन गरेमा १ वर्षदेखि ५ वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय,

(घ) अन्य दफा उल्लङ्घन गरेमा पाँच हजार रूपैयाँसम्म जरीवाना।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिम सजाय पाउने ठहरिएको कुनै व्यक्ति सरकारी वा सार्वजनिक संस्थाको कर्मचारी भै आफ्नो जिम्मामा वा कार्यालयमा रहेको लिखतको सम्बन्धमा सजायभागी ठहरिएको रहेछ भने निजले नैतिक पतन देखिने अभियोगमा सजाय पाएको मानिनेछ र निज आफ्नो सेवाको पदबाट भविष्यको लागि अयोग्य ठहरिने गरी स्वतः बर्खास्त हुनेछ।

१३. मुद्दा हेर्ने अधिकार र कार्यविधि: (१) यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अदालतद्वारा कारवाही र किनारा हुनेछ। यसरी नतोकिएकोमा सम्बन्धित अञ्चल अदालतद्वारा कारवाही र किनारा हुनेछ।

(२) यस ऐन अन्तर्गतको मुद्दामा मुद्दा हेर्ने अदालतले विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ।

(३) यस ऐन अन्तर्गतको मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को अनुसूची–१ मा समावेश भएको मानिनेछ।

(४) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अदालतले गरेको फैसला उपर पैंतीस दिनभित्र क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ।

६८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. अन्य कानूनबमोजिम कारवाई गर्न बाधा नपर्ने : यस ऐन अन्तर्गतको कसूरमा अन्य प्रचलित कानूनबमोजिम पनि सजाय हुने रहेछ भने सो कानूनबमोजिम समेत कारवाई गर्न यस ऐनमा लेखिएको कुनै पनि कुराले बाधा पुऱ्याएको मानिनेछैन ।

१५. थप सजाय र मुद्दा हेर्ने : कसैले यस ऐन अन्तर्गत कसूर ठहरिने कुनै कार्य गरेकोमा त्यस्तो कार्य अन्य प्रचलित कानूनबमोजिम पनि कसूर ठहरिने रहेछ वा यस ऐन अन्तर्गतको कसूरको सिलसिलामा अन्य प्रचलित कानून अन्तर्गतको कसूर पनि गरेको रहेछ भने त्यस्तो कसूरसम्बन्धी मुद्दामा पनि दफा १३ अन्तर्गतको अदालतले कारवाई र किनारा गर्नेछ र कसूरदारलाई प्रचलित कानूनबमोजिम हुने सजायमा यस ऐनबमोजिमको समेत थप सजाय हुनेछ ।

१६. कारवाई नहुने : यस ऐन अन्तर्गत वर्गीकरण गरिएको लिखत आफ्नो जिम्मामा हुने व्यक्तिले अरू कुनै व्यक्तिलाई अधिकृत व्यक्ति सम्झी त्यस्तो लिखत देखाएको वा अन्य कुनै प्रकारले प्रकाश गरेको रहेछ भने निजलाई यस ऐनबमोजिम कारवाई गरिनेछैन ।

तर निजले जानी जानी अनधिकृत व्यक्तिलाई वर्गीकृत लिखत देखाएको वा प्रकाश गरेको रहेछ भने निजलाई यस ऐनबमोजिम कारवाई गर्न बाधा पर्नेछैन ।

१७. अधिकार प्रत्यायोजन : श्री ५ को सरकारले दफा ११ बमोजिम आफूलाई प्राप्त अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै कार्यालय वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

१९. बचाउ : यो ऐन प्रारम्भ हुनुभन्दा अघि अति गोप्य, गोप्य वा यस्तै अन्य कुनै प्रकृति जनाउने गरी छाप लगाई राखेको कार्यालयको लिखतलाई यस ऐन अन्तर्गत वर्गीकरण नगरिएमा त्यस्तो लिखतलाई यस ऐनको प्रयोजनको लागि वर्गीकृत लिखत मानिनेछैन ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०३९।८।६।१

४४१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।